# भ्यासेक्टोमी के हो ?

**आफूलाई चाहिने जति बच्चा भइसकेका पुरुषहरुलाई सधैंको लागि बच्चा नपाउन गर्ने परिवार नियोजनको भरपर्दो स्थायी उपाय भ्यासेक्टोमी हो। यस विधिमा सानो शल्यक्रिया वा अप्रेशन गरी शुक्रकिटलाई अण्डकोषबाट भाषनली भएर आउन दिँदैन। यो शल्यक्रिया गरी सकेपछि शुक्रकिट आउँदैन तर सम्भोग क्रियामा आउने वीर्य भने उत्तिकै मात्रामा हुने भएकोले यौन सहवास गर्दा कुनै फरक पर्दैन। यस अपरेसनले गर्भ रहने कामलाई मात्र रोक लगाउँछ। यो अप्रेशन गरिसकेपछि दुर्वल हुने र यौन इच्छामा ह्रास आउँदैन। यो अपरेसनपछि सम्भोग क्रिया गर्दा गर्भ रहँदैन भनी ढुक्क हुने भएकोले यौनक्रियालाई अझ बढी आनन्ददायी बनाउँछ।**

## भ्यासेक्टोमी कसरी गरिन्छ ?

भ्यासेक्टोमी अप्रेशन तालिम प्राप्त डाक्टरले १०-१५ मिनेटमा सजिलैसँग गरिदिन्छन्। यो शल्यक्रिया वा अप्रेशन गर्दा नदुख्ने सुई लगाएर सानो घाउ पारी लोग्ने मान्छेको यौनाङ्गको शुक्रकिट आउने नली काटेर बन्द गरिदिन्छन्। शल्यक्रिया गरेको घाउ छ सात दिनपछि निको हुन्छ। अप्रेशन वा शल्यक्रिया गर्न पुरुषलाई बेहोस पार्नु पर्दैन। अपरेसन गर्ने ठाउँमा मात्र नदुख्ने सुई दिइन्छ।

## पुरुषले भ्यासेक्टोमी गर्नु किन महत्वपूर्ण छ ?

प्रजनन प्रक्रियामा र पारिवारिक जीवनमा महिला र पुरुष दुवैको जिम्मेवारी र कर्तव्य हुन्छ। महिलाहरूले प्राय: घरको काम गर्ने, केटाकेटी हुर्काउने र उनीहरूको पालनपोषण, स्याहार सुसार गर्नु पर्दछ। आजभोलि त महिलाहरूले यी कामहरू बाहेक परिवारको आर्थिक उत्थान र सामाजिक विकासको लागि व्यवसाय, कार्यालय र विभिन्न बाह्य काम पनि गर्नु परिरहेको छ। महिलाहरूलाई यी धेरै कामहरू बाहेक उनीहरूले गर्भान्तरको लागि परिवार नियोजनको साधनहरू प्रयोग गर्नु अर्को जिम्मेवारी हुन गइरहेको छ। पुरुषहरूले यदि आफूले आफ्नो लागि सन्तानको रहर पुगिसकेको भए सामान्य प्रक्रियाबाट सजिलै गरिने शल्यक्रिया भ्यासेक्टोमी गरेमा यसबाट महिलाहरूलाई थप हौसला र सहयोग पुग्नुको साथै पुरुषलाई आफ्नो जिम्मेवारी पनि पूरा गरेको महसुस हुन्छ। महिलाको लागि गरिने मिनिल्याप बन्ध्याकरण भन्दा पुरुषलाई गर्ने भ्यासेक्टोमी अपरेसन ज्यादै सामान्य र थोरै समयमा गर्न सकिन्छ।

## अप्रेशनपछि पालन गर्नुपर्ने कुराहरु

- शल्यक्रिया गरेर घर फर्केपछि २ दिनसम्म नुहाउनु हुँदैन अथवा घाउमा पानी पार्नु हुँदैन।
- शल्यक्रिया गरेको घाउ ५/७ दिनपछि आफैं निको हुन्छ।
- भ्यासेक्टोमी गरेको ठाउँमा सुन्निएमा वा धेरै नै दुखेमा स्वास्थ्य कार्यकर्तासँग सम्पर्क राख्नु पर्दछ।
- भ्यासेक्टोमी अप्रेशन गरेपछि कम्तिमा २० पटकसम्मको सहवासमा कण्डम अनिवार्य रुपमा प्रयोग गर्नुपर्दछ किनकि बीर्य आउने नली बन्द गर्नु भन्दा पहिले नै बीर्यको थैलीमा थिग्रिएर बसेको शुक्रकिट पुरै निस्कन २० पटकसम्म बीर्य स्खलन हुनुपर्दछ। त्यसैले भ्यासेक्टोमी अप्रेशन पछिको २० पटकसम्मको सहवासमा कण्डम प्रयोग नगरेमा श्रीमती गर्भवती हुन पनि सक्छिन्। बीर्य जाँच गर्ने सुविधा भएको ठाउँमा छ भने अप्रेशन गरेको ३ महिनापछि बीर्य जाँच गराएर बीर्यमा शुक्रकिट भए नभएको एकिन गर्नु अझ राम्रो हुन्छ।



- भ्यासेक्टोमी गरेको १ हप्तासम्म साईकल, मोटरसाइकल, घोडा वा रूख चढ्ने जस्ता काम गर्नु हुँदैन।
- भ्यासेक्टोमी अप्रेशन गरेपछि विशेष परिस्थितिमा नली जोडाउन **(recanalization)** पनि सकिन्छ तापनि नली जोडेपछि छोराछोरी हुन्छन् नै भन्ने एकिन गर्न सकिने अवस्था भने हुँदैन।

## भ्यासेक्टोमी गर्न चाहने पुरुषहरूलाई सुझाव

- भ्यासेक्टोमी गरिसकेपछि सम्भोग गर्दा स्खलन हुने वीर्यको मात्रामा केही फरक पर्दैन ।
- भ्यासेक्टोमी गरिसकेपछि काम काज गर्ने क्षमतामा कुनै असर पर्दैन । पुरुषले पहिले जस्तै सबै काम काज गर्न सक्दछ ।
- भ्यासेक्टोमी गरिसकेपछि कम्तिमा २० पटकसम्म संभोग गर्दा कण्डम प्रयोग नगरेमा गर्भ रहन सक्छ । करिब ७०० जना भ्यासेक्टोमी गरेका पुरुषहरू मध्ये १ जनाको मात्र असफल हुनसक्छ किनभने मूख्य कारण बन्द गरेको नली पुन: आफै पनि जोडिन सक्छ ।
- भ्यासेक्टोमी गर्न चिसो वा जाडो मौसम नै कुर्नु पर्दैन, जुनसुकै महिनामा पनि गर्न सकिन्छ ।

## पुरुषको जिम्मेवारी

- सन्तानको रहर पुगिसकेपछि श्रीमतीसँगको सरसल्लाहले भ्यासेक्टोमी अप्रेशन गरेर पारिवारिक जिम्मेवारी वहन गर्नुपर्दछ ।
- महिलाले गर्ने मिनिल्याप बन्ध्याकरण भन्दा पुरुषले गर्ने भ्यासेक्टोमी बन्ध्यारकण ज्यादै सरल हुन्छ । त्यसैले पुरुष आफैले यो अप्रेशन गराई परिवारको जिम्मेवारी वहन गर्नु अझ राम्रो हुन्छ ।

## याद राखौं

- भ्यासेक्टोमी बन्ध्याकरण गर्न चाहने पुरुषले स्वास्थ्य कार्यकर्ताबाट भ्यासेक्टोमी बारे राम्ररी जानकारी लिनुपर्छ ।
- भ्यासेक्टोमी परिवार नियोजनको एक स्थायी उपाय हो ।
- भ्यासेक्टोमी अपरेसन गरेपछि अरू सन्तान नहुने भएकाले परिवारको लालन-पालन राम्रोसँग गर्न समेत मद्दत पुग्छ ।

## भ्यासेक्टोमी गर्न कहाँ सम्पर्क राख्ने ?

- जिल्ला स्वास्थ्य कार्यालय
- अस्पताल
- प्राथमिक स्वास्थ्य केन्द्र
- संस्थागत परिवार नियोजन सेवा केन्द्र
- घुम्ती शिविर
- नीजि क्लीनिक/नर्सिङ्ग होम
- गैरसरकारी संस्थाहरूबाट सञ्चालित परिवार नियोजनका क्लिनिक

**सरकारी स्वास्थ्य संस्थाबाट भ्यासेक्टोमी अप्रेशन नि:शुल्क रुपमा गराइन्छ ।**

**भ्यासेक्टोमी अप्रेशन गरेर शारीरिक परिश्रम गर्न तथा यौनसम्पर्क गर्नमा कुनै किसिमको असर पर्दैन ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
फोन : ४-२५४६१३, ४-२५४२७१, फ्याक्स : ४-२६१३८७
E-mail : hellis@wlink.com.np
Website : www.nheicc.gov.np
२०६७/०६८

# भ्यासेक्टोमी



**सन्तान रहर पुगिसकेका पुरुषलाई गरिने परिवार नियोजनको स्थायी उपाय भ्यासेक्टोमी अप्रेशन हो ।**